स्थानिय राज पत्र

सिद्धलेक गाउँपालिकाको कार्यलयद्धारा प्रकाशित

खण्ड १ सिद्धलेक साउन ७, २०७५ साल

भाग १

सिद्धलेक गाउँ कार्यपालिकाको कार्यलय

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा २१ को उपदफा १ बमोजिम सिद्धलेक गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन ३ः

स्थानिय स्वास्थ्य तथा सरसफाई गर्न बनेको ऐन २०७५-

प्रस्तावनाः स्थानिय स्वास्थ्य तथा सरसफाई गर्न बनेको ऐन २०७५ को काम , कर्तव्य र अधिकारका सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा १ बमोजिम सिद्धलेक गाउँ सभाले यो ऐन बनाएको छ ।

सिद्धलेक गाउँपालिका

गाउँसभाबाट पारित मितिः २०७५।०३।३२
प्रमाणिकरण मितिः २०७५।०४।०२
स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७५।०४।०७

# सिद्धलेक गाउँपालिका
# स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५
# सँवत् २०७५ को ऐन नं. ३

**प्रस्तावनाः**

सिद्धलेक गाउँपालिका वासीहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्राप्त गर्ने नैसर्गिक अधिकारको प्रचलन गराउदै स्वस्थ्य एवं स्वच्छ वातावरणमा वस्न पाउने मौलिकहकको प्रवर्द्धन गर्ने गराउने जिम्मेवारी गाउँपालिकाको भएको हुँदा स्वास्थ्य तथा सरसफाई सम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधानको धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम सिद्धलेक गाउँपालिकाको यो ऐन तर्जुमा गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई सिद्धलेक गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन, २०७५ भनिने छ।

(ख) यो ऐन गाउँ सभाबाट स्वकिृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) **"ऐन"** भन्नाले सिद्धलेक गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ।

(ख) **“संघीय ऐन”** भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

(ग) **“कार्यपालिका”** भन्नाले सिद्धलेक गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) **“सरकारी वा सामुदायिक”** भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ङ) **“निजी”** भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ ।

(च) **“ट्रष्ट वा लोककल्याणकारी”** भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(छ) **“संचालन तथा व्यवस्थापन समिति”** भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(ज) **“अनुगमन समिति”** भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाइ अनुगमन समितिलाई सम्झनु पर्दछ ।

(झ) **“स्वास्थ्य संस्था”** भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

(ञ) **“सरकार”** भन्नाले तीनै तहका सरकारलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु** : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु तीन प्रकारका हुनेछन

(क) सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप

क्लिनिक, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय र प्रादेशिक सरकारले निर्धारण गरे वमोजिम हुने छ । अतिरिक्त मापदण्डहरु यसै ऐनको दफा ८ मा उल्लेख गरिए वमोजिम हुनेछन् ।

## ५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

५.(१) सिद्धलेक गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन तथा नियमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । समितिको गठन देहाय वमोजिम हुने छः ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - सदस्य

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

५.(२) वडा स्तरमा भएका स्वास्थ्य तथा सरसफाईको कार्यहरुको नियमित रेखदेख र अनुगमन गर्नका लागि तपसिल वमोजिमको एक वडा स्वास्थ्य तथा सरसफाई अनुगमन समितिको गठन गरिनेछ ।

(क) वडाध्यक्ष - अध्यक्ष

(ख) स्वास्थ्य क्षेत्र हेर्ने वडापालिका सदस्य - सदस्य

(ग) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी वडापालिकाले तोकेको २ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका मध्येबाट वडापालिकाले तोकेको १ जना - सदस्य

(ङ) वडामा रहेको विद्यालयहरु मध्येवाट तोकेका १ जना - सदस्य

(च) वडामा कार्यरत गैर सरकारी संस्थाहरु मध्येवाट १ जना -सदस्य

(छ) वडामा संचालनमा रहेको खानेपानी तथा सरसफाई उपभोक्ता समिति मध्येवाट १ जना सदस्य

(ज) वडामा रहेको सामुदायिक वन उपभोक्ता समितिवाट १ जना सदस्य

(झ) वाल क्लवहरुको प्रतिनिधि १ जना सदस्य

(ञ) वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख वा तोकेको व्यक्ति १ जना सदस्य

(ट) वडा कार्यालयको सचिव सदस्य सचिव

५. (३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउन राय सल्लाह र परामर्श दिने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक गर्ने गराउने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सर्वसुलभ वनाउने ।

(ज) गाउँकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

नोट : वडा स्तरमा गठन भएको सरसफाई तथा स्वास्थ्य अनुगमन समितिले वडा स्तरमा स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले गरे वमोजिमको कार्य गर्नेछ ।

**६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाई र समुदायमा आधारित स्वास्थ्य सेवा विन्दु एवं सार्वजनिक आयुर्वेद औषधालय ब्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै ब्यवस्थापन समिति गठन गरिने छ ।

(क) गाउँपालिकाको प्रमुख - संरक्षक

(ख) सम्वन्धित वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य - अध्यक्ष

(ग) अध्यक्षद्धारा मनोनित स्वास्थ्य क्षेत्रका जानकार व्यक्ति - उपाध्यक्ष

(घ) स्वास्थ्य क्षेत्रमा क्रियाशिल महिलाहरु मध्ये गाउँपालिका अध्यक्षबाट मनोनित १ जना - सदस्य

(ङ) सामाजिक क्षेत्रमा क्रियाशिल समाजसेवी मध्येबाट गाउँपालिकाले मनोनित गरेको सदस्य १ जना - सदस्य

(च) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षक प्रतिनिधी -सदस्य

(छ) सम्बन्धित वडाको वडा सचिव वा वडा सदस्य मध्ये वडाध्यक्षले तोकेको व्यक्ति -सदस्य

(ज) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव

**(२) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन् :**

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) संचालन तथा व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रमहरु संचालन गर्ने ।

(घ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(ङ) संघ, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(च) वार्षिक प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्ने ।

(छ) कर्मचारी व्यवस्थापन, भौतिक पूर्वाधार, स्रोत व्यवस्थापन तथा परिचालन, योजना, अनुगमन र कार्यान्वयन, सुशासन, सर्म्पक, समन्वय र संचार गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्ने ।

**७. बैंक खाता संचालनः** हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्ने छ ।

(१) स्वास्थ्य संस्थाको वैंक खाता संचालन तथा ब्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले तोकेको लेखापरिक्षकबाट स्वास्थ्य संस्थाको वार्षिक लेखा परिक्षण हुनेछ ।

## परिच्छेदः ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

### ८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : गाउँपालिका आफैले ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । १५ शैयाको अस्पताल सञ्चालनको न्यूनतम मापदण्ड देहाय वमोजिम हुनेछ ।

क) जनशक्तीः

एम.डि.जि.पी वा गाईने वा बालरोग विशेषज्ञ मध्ये कुनै सेवाको विशेषज्ञ १ जना, एम.वि.वि.एस. २ जना, वि. एस्सी नर्सिङ/बी. एन १ जना, हेल्थ असिष्टेन्ट/सिनियर अहेव २ जना स्टाफ नर्स ४ जना, अनमी ४ जना, अहेव ३ जना, मेडिकल रेकर्डर १ जना, प्रशासक १ जना, लेखापाल १ जना, रिसेप्सनिष्ट १ जना, फर्मोसिष्ट/फार्मेसी सहायक १ जना, इमर्जेन्सी नर्स

१ जना, सहयोगी कर्मचारी ४ जना, ल्याव टेक्निसियन/ल्याव असिस्टेन्ट , सेवाका आधारमा सम्बन्धित विषयको विशेषज्ञ सहितको आवश्यक टिम ।

ख) पुर्वाधारहरु :

प्रदुषण मुक्त क्षेत्रमा रहनु पर्ने, अन्य त्यस्तै प्रकृतिको अस्पतालहरु रहेको स्थान भन्दा ५०० मिटर टाढा रहनु पर्ने, आफ्नै जग्गा वा कम्तिमा १५ वर्षको समयाबधि राखेर भाडामा लिएको जग्गा र भवन निर्माण मापदण्ड वमोजिम बनेका र भुकम्प प्रतिरोधि भवन हुनुपर्ने, डिजाष्टर व्यवस्थापन योजना तयार भएको हुनुपर्ने, पर्याप्त भेन्टिलेसन भएको वा वातानुकुलित भएको हुनुपर्ने, अस्पतालमा, ह्वीलचेयर, ट्रलीको  सहज आवागमन हुन सक्ने हुनुपर्ने,  न्युनतम प्रति शैया ४० वर्ग मिटर क्षमता हुनु पर्ने, सवारी साधन पार्किङ, यातायातका साधनको पहुँचमा हुनुपर्ने, भवन तथा कोठाहरु अपाङग मैत्री, बालमैत्री र जेष्ठ नागरिक मैत्री हुनुपर्नेछ ।

ग) उपकरणहरु :

सक्सन मेशिन, सुचर मेशिन प्रत्येक उपचार कक्षमा हुनुपर्ने, एम्वुव्याक २ ओटा, अक्सिजन प्रत्येक उपचार कक्षमा एक/एक ओटा हुनुपर्ने, इसिजी मेशिन, कार्डियाक मनिटर, डिफरोफिजेरेटर १, भेन्टिलेटर १, विपी सेट प्रत्येक उपचार कक्षमा हुनुपर्ने, आइभी स्टैण्ड आवाश्यकता अनुसार, प्लाष्टर सामाग्री तथा डाइग्नोष्टिक सेट, आकस्मिक सेवाको लागि औषधी सहितको ट्रली, ट्राकियोष्ट्रोमी  सेट, भेनस सेक्सन सेट, न्युविलाइजर सेट, वाटरसिल ड्रेनेज सेट, सुचना पाटी, ह्वील चेयर, ट्रली, स्ट्रेचर, फुट स्टेप, वैकल्पिक विद्युतको व्यवस्था, ऐन्जी ट्युव, एसपाईटेसन सेट, इनेमा सेट, खुट्टाले चलाउने सक्सन मेशिन ।

द्रष्टव्यः १५ शैया भन्दा वढीको अस्पताल सञ्चालन गर्न अनुमती माग भै आएमा संघीय वा प्रादेशिक कानूनको अधिनमा रही अनुमति प्रदान गर्न सकिनेछ ।

(२) स्वास्थ्य चौकी : गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

(क) **जनशक्तिः** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, अहेव २ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरुका दरबन्दि भएको हुनुपर्नेछ ।

(ख) **भवन कोठाः** प्रशासन कक्ष, औषधी भण्डारण, औषधी वितरण कक्ष, प्राथमिक उपचार कक्ष, परिवार नियोजन सेवा कक्ष र सुरक्षीत मातृत्व सेवा कक्ष,डेलिभरी र डट्स कक्ष जस्ता सुविधा सहितको भवन हुनु पर्नेछ ।

(ग) **उपकरणः** प्राथमिक उपचारका आधारभूत उपकरणहरु ।

(३) आयूर्वेद तथा प्राकृतिक स्वास्थ्य सेवाः गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगाध्यान लगायतका रोकथाममलूक र वैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा गाउँपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

९. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने ।

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको अस्पताल संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) गाउँपालिकाले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न सक्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँपालिकाले छ महिनाको समयभित्र तोकिएको मापदण्ड पुरा गर्ने शर्तमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेछ । सो अवधी भित्र अस्पताल सञ्चालकले अन्तिम स्वीकृती लिई सक्नु पर्नेछ ।

(५) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(६) आशयपत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन । त्यस्तो स्वीकृती प्रदान भइसकेको भए रद्द समेत गर्न सकिनेछ ।

(७) यस ऐन लागू हुन पूर्व सञ्चालनमा रहेका अस्पतालको हकमा यस यस ऐन लागू भएको छ महिनाको भित्रमा तोकिएको मापदण्ड पुरा गरी गाउँपालिकावाट इजाजत लिएर मात्र सञ्चालन गर्नु पर्नेछ ।

१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः गाउँपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले कम्तीमा देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तिमा २ जना एमविविएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, प्रतिक्षालय ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(४) उपलब्ध हुने वस्तु तथा सेवा र सो को दररेट सहितको सूचना सवैले देख्ने गरी टाँस गरेको हुनु पर्नेछ ।

११. पोलिक्लिनिक संचालनको अनुमतीः

(१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

(२) पोलीक्लिनिकको मापदण्ड तोकिए वमोजिम हुनेछ ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकावाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम १८ महिना अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत र लागतको श्रोत

१३. फार्मेसी संचालनको अनुमती

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकावाट अनुमती लिनु पर्नेछ ।

(२) कम्तिमा आधारभूत फार्मेसी शिक्षा प्राप्त ब्यक्ति अनिवार्य रुपमा विक्री कक्षमा रहने गरी फार्मेशी सञ्चालन गर्ने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा उल्लेख गरी कुनै पनि सञ्चालकले फार्मेसी सञ्चालनका लागि गाउँपालिका समक्ष निवेदन दिन सक्नेछन् ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती गाउँपालिकावाट दिन सकिनेछ ।

(५) यस भन्दा अघि औषधी व्यवस्था विभागबाट अनुमति लिई सञ्चालनमा रहेका फार्मेसीहरुले सोही प्रमाणको आधारमा अनुमति लिई सञ्चालन गर्नु पर्नेछ ।

(६) यसरी फार्मेसी व्यवसाय सञ्चालन गर्दा संघीय सरकारले निर्धारण गरेको योग्यता हासिल गरेका जनशक्ती अनिवार्य रुपमा फार्मेसी स्टलमा रहने व्यवस्था मिलाउनु पर्नेछ ।

१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः

(१) अस्पताल, स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मात्र मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, अधिकतम एक लाख रुपैयासम्म जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका ब्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी निजको नाम सार्वजनिक गर्न सकिनेछ ।

(३) फार्मेसीको हकमा संघीय सरकारले निर्धारण गरेको योग्यता प्राप्त व्यक्ति वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, रु १०,०००।- सम्म जरिवाना तिराउने देखि अनुमति खारेजसम्म गर्न सकिनेछ ।

१५. सहुलियत र छुटको ब्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा न्यूनतम दश प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ ।

## परिच्छेद:४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम्सेवा सम्बन्धी व्यवस्था

१६. स्वास्थ्यकर्मीको व्यवस्थापन: गाउँपालिका भित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करार: स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु ।

(३) अभ्यासकर्ता: स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) महिला स्वास्थ्य स्वयंसेविका ।

१७. महिला स्वास्थ्य स्वयंसेविकाको व्यबस्था: स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरु नियूक्त गर्न सक्नेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ३०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविका सिफारिस सम्वन्धीत आमा समुहले गाउँपालिका समक्ष गर्नसक्ने छ ।

(३) प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकाले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर, ६० बर्ष उमेर पुरा भएका र अशक्त स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन भत्ता वापत रु २००००।- प्रदान गरी तत्काल सेवावाट बिदाइ गर्न सकिनेछ । नयाँ नियुक्त गर्दा कम्तिमा १० कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइने छ। माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिई छनौट गरिनेछ ।

(५) मासिक रुपमा महिला स्वास्थ्य स्वयंसेविको वैठक स्वास्थ्य संस्था स्तरमा नियमित वस्ने व्यवस्था मिलाईनेछ । नियमित रुपमा हुने वैठकमा प्रतिवेदन संकलन, समिक्षा तथा आगामी महिनाको योजना तयार गरिनेछ । सो वापत वैठक खर्च गाउँपालिकाले उपलव्ध गराउनेछ ।

(६) महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई प्रभावकारी वनाउन स्वस्थ आमा समूहको गठन साविकको वडा स्तरमा गरिनेछ । महिला स्वास्थ्य स्वंयसेविकाले सदस्य सचिवको भूमिका निर्वाह गरि नियमित रुपमा स्वस्थ आमा समुहको वैठक संचालन गरिनेछ । स्वस्थ आमा समुहहरुमा वचत तथा ऋण परिचालन गरिनेछ । प्रत्येक आमा समुह स्तरमा सुरक्षित मातृत्व कोषको स्थापना गरि सो को वृद्धिका लागि आवश्यक कार्यहरु गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुद्धारा संचालनमा रहेको स्वस्थ आमा समुहहरुमा भएको वचत तथा ऋण कार्यक्रमलाई व्यवस्थित गर्नका लागि साविकको गा.वि.स.स्तरमा संजाल निर्माण गर्न सकिने छ र सहकारीहरु मार्फत सो रकमको व्यवस्थित परिचालन गर्ने व्यवस्था गरिनेछ । स्वास्थ्य आमा समुहको सदस्य हुने प्रावधान तथा कार्यकारिणी समितिको व्यवस्था तपसील वमोजिम हुनेछ ।

**स्वस्थ आमा समुहको सदस्य हुने आधारहरु :**

- वडामा वसोवास भएको ।
- १० देखि १९ वर्ष सम्मका किशोरीहरु ।
- गर्भवती तथा सुत्केरी महिलाहरु ।
- ५ वर्ष मुनिका वच्चा भएका आमाहरु ।
- प्रजनन् उमेरका विवाहित तथा अविवाहित महिलाहरु ।
- उमेर ढल्केका महिलाहरु ।
- वडामा वसोवास गर्ने अन्य १० वर्ष भन्दा माथिका सम्पूर्ण महिलाहरु ।

**स्वस्थ आमा समुहलाई व्यवस्थित वनाउन तपसिलको ११ सदस्यीय कार्यकारिणी समिति तपसिल वमोजिमको हुनेछ ।**

- आमा समुहले छानेको नेतृत्व गर्ने सीप भएको महिला – सभापति
- महिला स्वास्थ्य स्वयंसेविका –सदस्य सचिव
- आर्थिक हर हिसाव व्यवस्थित गर्न सक्ने आमा समुहवाट एक जना महिला कोषाध्यक्ष
- सवै आमा समुहको सदस्यहरुलाई समेट्ने गरि वाँकी सदस्यहरु ८ जना –सदस्य

**स्वस्थ आमा समुहको कार्य देहाय वमोजिम हुनेछ ।**

- स्वस्थ आमा समुहको नियमित मासिक वैठक वसी स्वास्थ्य सम्वन्धी विविध सवालहरुमा नियमित छलफल गर्ने ।
- स्वस्थ आमा समुह भित्र परिवार नियोजन, पोषण, खोप, सुरक्षित मातृत्व, सरुवा रोग, नसर्ने रोगहरु, मानसिक स्वास्थ्य, लगायत अन्य सचेतना फैलाउन तथा सेवाको उपयोग गर्नेको संख्या वढाउन आवश्यक प्रचार प्रसार, क्रियाकलापहरुको संचालन तथा व्यवस्थापनमा आवश्यक सहयोग गर्ने ।

❖ स्वस्थ आमा समुहमा भएको वचत तथा ऋण परिचालन कार्यक्रमलाई प्रभावकारी व्यवस्थापन गरि सहकारीको माध्ययमवाट सो को आवश्यक व्यवस्थापन गर्ने ।

❖ नियमित रुपमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको काममा सहयोग पुर्याउने ।

❖ स्वास्थ्य सम्वन्धी आमा समुह स्तरमा आवश्यकता पहिचानको लागि योजना वनाउने र सो को समाधानको लागि श्रोतको व्यवस्थापन, परिचालन, समन्वय, सहकार्य र सामाजिक सहभागीता वढाउनको लागि सामाजिक परिचालनका आवश्यक कार्यहरु संचालन गर्ने ।

❖ समुदाय स्तरमा नियमित रुपमा संचालन हुने प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक, र खोप क्लिनिक हरुको नियमित संचालन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

❖ महिला स्वास्थ्य स्वयंसेविकाहरुको कामको नियमित अनुगमन तथा लेखाजोखा गरि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने साथै छनौटको सम्पूर्ण जिम्मा लिने ।

**१८. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मीले नेपाल सरकारले वा गाउँपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा उपलब्ध हुनेछ ।

(२) करार स्वास्थ्यकर्मीको तलवको सम्बन्धमा दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीले निर्वाह भत्ताको रुपमा रकम गाउँपालिकाले तोके वमोजिम हुनेछ ।

(४) महिला स्वास्थ्य स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी

अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

सेवा सुविधाहरु तोकिए वमोजिम हुनेछ ।

१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी संघीय व्यवस्थाको अधिनमा रही गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले आवश्यकता अनुसार करारमा नियुक्ति गर्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दीमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन जारी भएपछि सो वमोजिम र सो ऐन जारी नभएसम्म संघीय कानूनमा उल्लेख भए वमोजिम हुनेछ ।

२०. कर्मचारी सरुवाः

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुन सक्नेछ । विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेतलाई  बुझिने छ।

२१. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ।

(१) गाउँपालिकाको अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अधिनस्थ कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ। करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन अध्यक्ष प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी गाउँपालिका प्रमुख समक्ष पेश गर्नुपर्ने छ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

२२. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्न सकिनेछ।

(२) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद:५

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य कर्मचारीको आचरण सम्बन्धी व्यवस्था

२३. समय पालन र नियमितता : कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रुपले कार्यालयमा हाजिर हुनु पर्दछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन ।

२४. अनुशासन र आज्ञापालन :

(१) कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालन गर्नु पर्दछ ।

(२) कर्मचारीले सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएका आज्ञालाई शीघ्रताका साथ पूरा गर्नु पर्नेछ ।

(३) कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरु प्रति उचित आदर देखाउनु पर्नेछ र आफू मुनिका कर्मचारीहरु प्रति उचित व्यवहार गर्नु पर्नेछ ।

२५. राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने : कुनै पनि कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारी माथि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

२६. राजनीतिमा भाग लिन नहुने : कर्मचारीले कुनै राजनैतिक संगठन वा दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्न वक्तव्य दिन वा भाषण गरी राजनीतिमा भाग लिन हुँदैन ।

२७. सरकारको आलोचना गर्न नहुने : (१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीतिको विपरीत हुने गरी वा सरकार र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै पनि कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट

वा बेनामी कुनै लेख प्रकाशित गर्न, प्रेसलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजन आदिद्वारा भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

२८. सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध : कुनै पनि कर्मचारीले सरकारद्वारा अख्तियार नपाई आफूले सरकारी कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत कर्मचारी वा गैर सरकारी व्यक्ति वा प्रेसलाई दिनु वा बताउनु हुँदैन । यो प्रतिबन्ध जुनसुकै कारणबाट सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू रहनेछ ।

२९. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध : (१)सेवा सम्बन्धी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि कर्मचारीले सरकारको पूर्वस्वीकृति बिना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा कामसंग सम्बन्धित व्यक्तिसंग सापटी लिन हुँदैन ।

(२) कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुन उपहार प्राप्त हुन आएमा निजले स्थानीय सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्छ ।

३०. कम्पनीको स्थापना र संचालन, व्यापार व्यवसाय तथा निजी प्राक्टिस गर्न नहुने :

(१) कर्मचारीले स्थानीय सरकारको पूर्वस्वीकृति नलिई देहायको काम गर्नु हुँदैन :-

(क) कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा संचालनको काममा भाग लिन वा स्वास्थ्य क्लिनिक वा निजी अस्पताल वा नर्सिङ होम खोल्न, संचालन गर्न, वा त्यस्तो स्वास्थ्य क्लिनिक वा निजी अस्पतालमा काम गर्न,

(ख) प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न,

(ग) अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले सरकारको नीति विपरीत नहुने र आफूलाई तोकिएको काममा बाधा नपर्ने गरी साहित्यिक, वैज्ञानिक वा कलात्मक कार्य गर्न वा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन सक्नेछ ।

३१. निर्वाचनमा भाग लिन नहुने : कर्मचारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुँदैन ।

तर प्रचलित कानून बमोजिम आफूले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

३२. प्रदर्शन र हडताल गर्न प्रतिबन्ध : कर्मचारीले नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी, विभिन्न जात, जाती, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरु बीच वैमनस्य उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी वा आफ्नो काम कर्तव्य पालन गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन गर्न, हडतालमा भाग लिन, तालावन्दि गर्न, धर्ना बस्न वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

३३. हडताल, थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्ध : कर्मचारीले कुनै पनि कार्यालय वा कुनै अधिकृतको कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

३४. लापरबाही वा बद्नियतले काम गर्न नहुने : कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलाम बिरामीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा बिरामीको जिउज्यानमा हानी नोक्सानी पुग्न सक्ने गरी लापरबाही वा बदनियतले काम गर्न हुँदैन ।

३५. प्रतिनिधित्व गर्नमा प्रतिबन्ध : कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

तर सरकारबाट मान्यता प्राप्त कर्मचारीहरुको पेशागत संस्थाको तर्फबाट गरिने प्रतिनिधित्व कर्मचारीको पदीय दायित्वको आधारमा गर्नुपर्ने कुनै कार्य गर्नमा यस ऐनले बाधा पुऱ्याएको मानिनेछैन ।

३६. संस्थाको सदस्यता : (१) कुनै पनि कर्मचारीले सरकारको पूर्व स्वीकृति लिई प्रचलित कानून बमोजिम दर्ता भएको पेशागत संस्था बाहेक अन्य कुनै पनि प्रकारको संस्थाको सदस्य बन्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारीले प्रचलित कानून र सरकारको नीतिको विपरीत नहुने गरी आफ्नो पेशागत र अन्य सामाजिक संस्थाको सदस्य बन्न यस दफामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिनेछैन ।

३७. सम्पत्ति विवरण : कर्मचारीले आफ्नो सम्पत्तिको विवरण दिनु पर्नेछ र त्यसरी दिइएको विवरण झुट्टा ठहरिएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

३८. आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नु पर्ने : प्रत्येक कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरण समेत पालन गर्नु पर्नेछ ।

३९. चेतावनी दिन सक्ने : कुनै कर्मचारीले कार्यालय समय पालन नगरेमा, सरकारी काम सम्बन्धी कुरामा आफू भन्दा माथिको कर्मचारीले दिएको आज्ञा पालन नगरेमा वा आफूलाई सुम्पिएको

जिम्मेवारी अनुसारको काममा लापरवाही वा ढिलासुस्ती गरेमा त्यस्तो कर्मचारीलाई सम्बन्धित सुपरिवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नु पर्नेछ ।

## परिच्छेद-६

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य कर्मचारीको सेवाको सुरक्षा सम्बन्धी व्यवस्था

४०. कर्मचारीको सेवाको सुरक्षा : देहायका कर्मचारी बाहेक अन्य कुनै पनि कर्मचारीलाई सफाईको सबूत दिने मनासिब माफिको मौका नदिई सेवाबाट हटाइने वा बर्खास्त गरिनेछैन :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) म्यादी पदमा बहाल रहेको,

(ग) भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको,

(घ) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायिक परिषद्बाट नामदर्ता खारेज भएको ।

४१. कर्मचारीको बचाउ : (१) कर्मचारीले आफ्नो ओहदाको कर्तव्य पालन सम्झी गरेको कुनै कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्नेछैन ।

(२) उपदफा (१) बमोजिम कुनै कर्मचारी उपर मुद्दा चलाउनको लागि सरकार वादी हुने मुद्दाको हकमा सरकारी न्यायाधिवक्ताको र अन्य मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त भएको हुनु पर्नेछ र देवानी मुद्दाको हकमा देहाय बमोजिम भएको हुनु पर्नेछ :-

(क) मुद्दा चलाउने कारण तथा वादीको र निजको वारेस भएमा त्यस्तो वारेसको नाम र ठेगाना खोली लिखित सूचना अख्तियारवालालाई वा सम्बन्धित कर्मचारीलाई बुझाएको वा हुलाकद्वारा रजिष्टरी गरी पठाएको र त्यसको एक प्रति नक्कल सरकारमा पेश भएको ।

(ख) मुद्दा चलाउने कारण भएको आठ महीनाभित्र मुद्दा दायर गरिसकेको । तर लापरबाही वा बदनियतले कुनै कर्मचारीले गरेको कामको परिणाम स्वरुप कसैलाई शारीरिक हानी नोक्सानी पुग्न गएमा त्यस्तो कर्मचारी उपर प्रचलित कानून बमोजिम मुद्दा चलाई क्षतिपूर्ति दाबी गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) कुनै कर्मचारी बहाल छँदा आफ्नो ओहदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि उपदफा (२) बमोजिम स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्नेछैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा सरकारले नै गर्नेछ ।

(५) कुनै पनि कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरुमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन । पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको कुनै कर्मचारीको उपर्युक्त सेवाका शर्तहरुमा कुनै प्रकारले प्रतिकूलअसर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृतिनभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन ।

## परिच्छेद ७

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य कर्मचारीको सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

(४२) सजाय : उचित र पर्याप्त कारण भएमा कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय गर्न सकिनेछ :-

(क) सामान्य सजाय :

(१) नसिहत दिने,

(२) दुई वर्षसम्म बढुवा रोक्का गर्ने,

(३) बढीमा दुई तलब बृद्धि रोक्का गर्ने,

(४) पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(५) बढीमा पाँच तलब बृद्धि रोक्का गर्ने,

(६) पदको शुरु स्केलमा घटुवा गर्ने ।

(ख) विशेष सजाय :

(१) भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने ।

(२) भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

४३. नसिहत दिने वा बढीमा दुई तलबवृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने : देहायको कुन अवस्थामा कर्मचारीलाई नसिहत दिने वा बढीमा दुई तलबवृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) एकभन्दा बढी पटक अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियममा उल्लिखित आचरण सम्बन्धी कुराहरू उल्लंघन गरेमा,

(ग) प्रचलित कानून बमोजिम बरबुझारथ नगरेमा,

(घ) एक वर्षमा दुई पटक सम्म लिखित चेतावनी पाएमा,

(ङ) प्रचलित कानून बमोजिम पेश्की फछ्र्यौट नगरेमा,

(च) सेवाग्राहीको पीरमर्का र उजुरी पटक-पटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(छ) कार्य विवरण लागू गर्ने गराउने दायित्व भएको पदाधिकारीले सो कार्य नगरेमा ।

४४. पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा पदको शुरु स्केलमा घटुवा गर्ने : देहायको कुनै अवस्थामा कर्मचारीलाई पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा बढीमा पाँच तलबवृद्धि रोक्का गर्ने वा निज बहाल रहेको पदको शुरु स्केलमा घटुवा गर्ने सजाय गर्न सकिनेछ :-

(क) पटक पटक अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा ।”

४५. सेवाबाट हटाउने वा बर्खास्त गर्ने : (१) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) लापरबाही वा बदनियतले काम गरेमा,

(ख) कर्मचारीले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा ।

(ग) आचरण सम्बन्धी कुरा बराबर उल्लंघन गरेमा ।

(घ) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा ।

(ङ) बराबर अनुशासनहीन काम गरेमा ।

(च) राजनीतिमा भाग लिएमा ।

(छ) अनुशासन र आज्ञापालन नगरेको सम्बन्धमा दुईपटकभन्दा बढी नसिहत पाएमा,

(ज) बिदा स्वीकृत नगराई लगातार साठी दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा ।

(झ) पदस्थापना भएको वा काज खटाइएको कार्यालयमा हाजिर भई काम नगरेमा,

(ञ) निर्धारित अवधिभर सेवा नगरेमा ।

(२) देहायको कुनै अवस्थामा कर्मचारीलाई भविष्यमा स्वास्थ्य सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सकिनेछ :-

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा ।

(ख) भ्रष्टाचार गरेमा ।

४६. विभागीय कारबाही र सजाय सम्बन्धी विशेष व्यवस्था : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ अनुसार सो आयोगबाट र प्रचलित कानून बमोजिम सम्बन्धित निकायले कुनै कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुऱ्याई सोही बमोजिम विभागीय सजाय गर्नु पर्नेछ ।

४७. विभागीय सजाय दिने अधिकारी :

(१) कर्मचारीलाई सजायको आदेश दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी कर्मचारीलाई सजाय दिने अधिकारी तोकिए बमोजिम हुनेछ ।

४८. विशेष सजायको आदेश उपर पुनरावेदन :

(१) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दिएको विशेष सजायको आदेश उपर त्यस्तो कर्मचारीले अधिकार प्राप्त अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) कुनै कर्मचारीको सम्बन्धमा यस दफा बमोजिम पुनरावेदनको अन्तिम किनारा लागेपछि त्यसको परिणाम स्वरुप निजको सेवा पुनः स्थापित हुने भएमा सो निर्णयको सूचना पाएको मितिले तीन महीनाभित्र निज उपस्थित हुन नआएमा निजको नोकरी थामिनेछैन ।

(३) पुनरावेदकले चाहेमा आफै वा वारिसद्वारा तारिखमा बस्न र कानून व्यवसायीद्वारा बहस पैरवी गराउन सक्नेछ।

४९. विभागीय सजाय दिने अधिकार सुम्पन सक्ने : सरकारले राजपत्रमा सूचना प्रकाशन गरी दफा ४७ बमोजिम सजायको आदेश दिने कुनै अधिकारीको अधिकारलाई सोही सूचनामा तोकिएको अधिकारीले तोकिएको अवधिसम्मको लागि प्रयोग गर्न पाउने गरी सुम्पन सक्नेछ।

५०. निलम्बन गर्ने : (१) कुनै कर्मचारीको सम्बन्धमा कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म उक्त कर्मचारीलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ।

तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुट्टा सबूत प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धका सबूत प्रमाण गायव गर्नसक्ने सम्भावना देखिएमा, वा

(ख) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा।

(२) कर्मचारीलाई स्वास्थ्य सेवाबाट हटाउने वा बर्खास्त गर्ने अभियोगको सूचना दिनुको साथै निजलाई सजायको आदेश दिन पाउने अधिकारीले निलम्बन समेत गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै कर्मचारीलाई निलम्बन गर्दा साधारणत : दुई महीना भन्दा बढी गर्नु हुँदैन। सो अवधि भित्र कर्मचारी उपर गरिएको कारबाहीको किनारा लगाउनु पर्नेछ। कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भै निलम्बनको अवधि बढाउनु परेमा एक महिनासम्म निलम्बनको अवधि बढाउन सकिनेछ।

(४) नैतिक पतन देखिने फौज्दारी अभियोगमा गिरफ्तार भई थुनिएको कर्मचारी त्यसरी थुनिएको अवधिभर स्वत: निलम्बन भएको मानिनेछ ।

५१. निलम्बनको समाप्ति : कुनै कर्मचारी आफ्नो पदमा पुनः स्थापित भएमा वा सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा निजको निलम्बन समाप्त हुनेछ ।

५२. सफाई पेश गर्ने मौका दिनु पर्ने :

(१) विभागीय सजाय दिन पाउने अधिकारीले कुनै कर्मचारीलाई सजाय दिने आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी सो कर्मचारीलाई उचित म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ । यसरी मौका दिंदा निज माथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ । यस्तोमा सम्बन्धित कर्मचारीले म्यादभित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

(२) विभागीय सजायको आदेश दिन पाउने अधिकारीले आवश्यक ठानेमा स्वयं वा कुनै अन्य अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । त्यस्तो जाँचबुझ गर्ने अधिकृतले तोकिएका कार्यविधिको पालना गर्नु पर्नेछ ।

५३. विशेष सजायको आदेश दिनु भन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्ने : विशेष सजायको आदेश दिनुभन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले दफा ५२ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाइ सन्तोषजनक नभएमा त्यस्तो कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

५४. लोक सेवा आयोगको परामर्श लिनु पर्ने : विभागीय सजायको कारबाहीको सिलसिलामा सम्बन्धित कर्मचारीले दफा ५२ बमोजिम दिएको सफाई वा दफा ५३ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नु पर्ने देखिएमा विभागीय सजायको आदेश दिन पाउने अधिकारीले सो कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ ।

५५. विभागीय कारबाहीको सम्बन्धमा लोकसेवा आयोगको परामर्श लिंदाको कार्यविधि : (१) कुनै कर्मचारीलाई विभागीय सजाय गर्ने सम्बन्धमा दफा ५४ बमोजिम लोक सेवा आयोगको परामर्शको निमित्त लेखी पठाउँदा के कस्तो कसूर गरे बापत त्यस्तो विभागीय सजाय गर्न लागिएको हो सो सम्बन्धी सबै कागजात र सम्बन्धित कर्मचारीको तर्फबाट कुनै स्पष्टीकरण पेश गरिएको भए सो समेत लोक सेवा आयोगमा पठाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको कागजातको अतिरिक्त सो कर्मचारी सम्बन्धी अन्य कुनै विवरणको आवश्यकता परेमा लोक सेवा आयोगले सम्बन्धित अधिकारीसंग माग गर्न सक्नेछ र त्यसरी लोक सेवा आयोगबाट माग भएको विवरण उपलब्ध गराउनु सो अधिकारीको कर्तव्य हुनेछ ।

५६. सेवामा बहाल नरहने : (१) देहायका कर्मचारीहरु देहायको अवस्थामा सेवामा बहाल रहने छैनन् :-

(क) म्यादी पदमा बहाल रहेकोमा त्यस्तो पदको म्याद समाप्त भएमा,

(ख) भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएमा,

(ग) प्रचलित कानून बमोजिम स्थापना भएको स्वास्थ्य सम्बन्धी व्यावसायि परिषद्‌बाट नाम दर्ता खारेज भएमा ।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) मा उल्लेखित अवस्था परी कुनै कर्मचारीलाई सेवामा बहाल नरहेको जानकारी अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई दिनु पर्नेछ ।

५७. निर्णयमा असर नपर्ने : कुनै कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तरगत बनेका नियमहरु बमोजिम अख्तियार प्राप्त अधिकारीले गरेको कारबाहीमा तात्विक असर नपर्ने सानो तिनो त्रुटीबाट निर्णयमा असर पर्नेछैन ।

## परिच्छेद ८

## विदा र पुरस्कार सम्बन्धी व्यवस्था

५८. कर्मचारीले पाउने बिदा : कर्मचारीहरुले देहायका विदाहरु तोकिए बमोजिम पाउनेछन् :-

(क) भैपरी आउने र पर्व बिदाः- ६-६ दिन वार्षिक प्रत्येक महिना १/२ दिन

(ख) घर बिदाः- ३० दिन प्रत्येक महिना २ (१/२ दिन

(ग) बिरामी बिदाः- १२ दिन प्रत्येक वर्ष

(घ) प्रसूती बिदाः-९८ दिन २ पटक मात्र सुत्केरी हुनु भन्दा अघि पछी

(घ (१) प्रसूति स्याहार विदाः- १५ दिन

(ङ) किरिया बिदाः- १५ दिन आफै किरिया वस्नु परेमा

(च) अध्ययन बिदाः- संघिय सरकार वाट तोके वमोजिम

(छ) असाधारण बिदाः- संघिय सरकार वाट तोके वमोजिम

(ज) सट्टा बिदाः- संघिय सरकार वाट तोके वमोजिम

(झ) अतिरिक्त सेवा बिदाः- संघिय सरकार वाट तोके वमोजिम

५९. गयल भएको अवधि सेवा अवधिमा गणना नहुने : (१) विदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत गरिनेछ। यसरी गयल भएको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(२) विदा स्वीकृत नगराई लगातार साठी दिनभन्दा बढी अवधि अनुपस्थित हुने कर्मचारीलाई हाजिर गराउन पाइने छैन।

(३) उपदफा (२) विपरीत कुनै पदाधिकारीले कुनै कर्मचारीलाई हाजिर गराएकोमा त्यस्तो पदाधिकारीलाई विभागीय कारबाही गरी सो कर्मचारीले खाएको तलब, भत्ता समेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ।

६०. पुरस्कार : (१) कर्मचारी बहाल भैरहेको तह भन्दा एक तह माथिको तहमा बढुवा हुन सम्भाव्य उम्मेदवार हुनुको लागि आवश्यक न्यूनतम सेवा अवधि सम्म लगातार यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको कार्य सम्पादन मूल्यांकन फाराममा अति उत्तम अंक पाई बढुवामा स्थान पाउन नसकेको कर्मचारीलाई पुरस्कार स्वरुप थप पाँच तलब बृद्धि दिन सकिनेछ । यस्तो पुरस्कारको रकम सम्बन्धित विभागीय प्रमुखबाट निर्णय गराई प्रशंसापत्र सहित दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम थप भएको तलब बृद्धि जोड्दा सम्बन्धित कर्मचारीको अन्तिम तलबमान नाघ्ने भएमा त्यसरी नाघेको तलब बृद्धिको रकम निजले पाउने मासिक तलबमा थप गरी दिइनेछ ।

## परिच्छेदः ९

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

६१. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

६२. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिकाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

६३. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण आवश्यकता अनुसार र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरेको परिमाणको वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १५ दिनभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद १०

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

६४. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गर्न गराउन निर्देशन दिन सक्नेछ ।

(२) निजी क्षेत्रबाट सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाको न्युनतम र अधिकतम मूल्य र गुणस्तरको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

६५. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन



सिद्धलेक गाउँपालिका

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

६६. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति भराउन गाउँपालिका समक्ष आवश्यक सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम तोकिएको अधिकारीले आवश्यक दण्ड जरिवाना तथा अन्य कारवाही सम्वन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ११

## महामारी रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

६७. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउने कर्तव्य रोगीको परिवारको हुनेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउने कर्तव्य रोगीको परिवारको हुनेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

(४) कुनै स्वास्थ्य सेवा प्रदायक व्यक्ति वा संस्थाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य शिविर सञ्चालन गर्न गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ । सेवाको आवश्यकता र औचित्यताको आधारमा गाउँपालिकाले त्यस्तो शिविर सञ्चालन गर्न अनुमती दिन सक्नेछ ।

६८. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निक्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(३) महामारी, प्रकोप, संकटग्रस्त र विपदको अवस्थामा निजी क्षेत्रबाट सञ्चालित सम्पूर्ण स्वास्थ्य सेवाहरु अनिवार्य रुपमा त्यस्ता क्षेत्रहरुमा परिचालित हुनुपर्नेछ । आपतकालीन सेवाहरु सवै निःशुल्क हुनेछन् ।

६९. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती र मदिराजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सकिनेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले आवश्यक कारवाही गर्न सक्नेछ ।

(५) खाद्य पदार्थ विक्री वितरण गर्ने पसलमा सुर्तीजन्य, मदिराजन्य सामाग्री विक्री गर्नु पर्ने भएमा छुट्टै क्यावीन वनाई गर्नु पर्नेछ ।

(६) सुर्ती तथा मदिराजन्य पदार्थको उत्पादन, भण्डारण र विक्री वितरण गर्दा संघीय सरकारले तोके वमोजिम स्टिकर, लोगो आदि नभएका पदार्थ विक्री वितरण गर्न पाइने छैन ।

(७) सुर्ती तथा मदिराजन्य वस्तुको कारोवार तथा खरिद विक्री र ओसार पसारमा वालवालिकालाई प्रयोग गर्न पाईने छैन ।

७०. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) गाउँपालिकाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिनामा सार्वजनिक गर्नु गराउनु पर्ने छ ।

(२) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(३) एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(४) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

(५) गाउँको सरसफाई तथा फोहोर व्यवस्थापनमा टोल सुधार समितिहरुलाई क्रियाशिल गराई स्वच्छताको प्रवर्द्धन गरिने छ ।

## परिच्छेद १२

## दण्ड, सजाय, जरिवाना सम्बन्धि व्यवस्था

**७१. गाउँपालिका क्षेत्रभित्र प्रदुषण वढाउने व्यक्ति, निकाय, संस्था, कल कारखाना तथा उद्योगलाई निम्न वमोजिमको दण्ड सजाय गर्न सकिनेछ ।**

१. सिद्धलेक गाउँपालिका भित्र देहायका कसूर गर्नेहरुका लागि संघीय वा प्रदेश कानूनले तोकेको सजायमा सोही वमोजिम हुनेगरी सिद्धलेक गाउँपालिकाबाट देहाय वमोजिमको सजाय गरिनेछ ।

**क) उद्योग तथा कल कारखानालाई हुने सजायः** ध्वनी, धुँवा तथा अन्य माध्यमबाट प्रदुषण वढाउने उद्योग कल कारखानालाई प्रथम पटक भए चेतावनी दिने वा रु १००००।- सम्म जरिवाना गर्ने, दोस्रो पटक भए रु ५००००।- सम्म जरिवाना गर्ने, तेस्रो पटक वा सो भन्दा वढी भए रु ७५०००।- सम्म जरिवाना गरी उद्योग कल कारखाना बन्द समेत गराउन सकिनेछ ।

प्रदुषणका कारण कुनै व्यक्ति समुदाय वा संस्थालाई हानी नोक्सानी पुगेको ठहरेमा उचीत क्षतीपूर्ती समेत भराउन सकिनेछ । प्रदुषणयुक्त स्थल सफा गर्दा लागेको खर्च सम्वन्धित पक्षबाट भराउनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

**ख) प्रदुषण वढाउने व्यक्ति वा संस्था वा व्यापारिक प्रतिष्ठानलाई हुने सजायः** सार्वजनिक स्थलमा फोहोर लगायत अन्य प्रदुषणयुक्त सामाग्री फाली प्रदुषण गर्नेलाई पहिलो पटक भए चेतावनी दिई रु ३०००।- सम्म जरिवाना गरी त्यस्तो प्रदुषणयुक्त सामाग्री हटाउन लागेको खर्च समेत भराउन सकिनेछ । सार्वजनिक स्थलमा फोहोर लगायत अन्य प्रदुषणयुक्त सामाग्री फाली प्रदुषण गर्नेलाई दोस्रो पटक भए रु १००००।- सम्म जरिवाना गरी त्यस्तो प्रदुषणयुक्त सामाग्री हटाउन लागेको खर्च समेत भराउन सकिनेछ । सार्वजनिक स्थलमा फोहोर लगायत अन्य प्रदुषणयुक्त सामाग्री फाली प्रदुषण गर्नेलाई तेस्रो पटक भए रु २५०००।- सम्म जरिवाना गर्न सकिनेछ । त्यस्तो प्रदुषणयुक्त सामाग्री हटाउन लागेको खर्च समेत भराउनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

**ग) सार्वजनिक स्थलमा ढल वा फोहोरपानी फाली प्रदुषण गर्नेलाई हुने सजायः** सार्वजनिक स्थान वा निषेधित स्थानमा ढल वा फोहोर पानी फ्याली प्रदुषण गर्नेलाई पहिलो पटक भए चेतावनी दिई रु २०००।- सम्म जरिवाना गर्न सकिनेछ । सार्वजनिक स्थान वा निषेधित स्थानमा ढल वा फोहोर पानी फ्याली प्रदुषण गर्नेलाई दोस्रो पटक भए रु ५०००।- सम्म जरिवाना गर्न सकिनेछ । तेस्रो पटक वा सो भन्दा वढी पटक भए रु १००००।- सम्म जरिवाना गर्न सकिनेछ । प्रदुषणयुक्त स्थान सफा गर्दा लागेको खर्च सम्वन्धित पक्षबाट भराउन सकिनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

**घ) वधशाला वा मासु पसलबाट प्रदुषण वढाउनेका लागि हुने सजायः** तोकिएको स्थान भन्दा वाहेक वा निषेधित क्षेत्रमा वा सार्वजनिक स्थानमा पशु वध गरी प्रदुषण वढाउनेलाई देहाय वमोजिम सजाय हुनेछ ।

(१) तोकिएको स्थान भन्दा वाहेक वा निषेधित क्षेत्रमा वा सार्वजनिक स्थानमा राँगा, भैसी, वा वंगुर वध गरी प्रदुषण वढाउनेलाई पहिलो पटक भए आवश्यक चेतावनी दिई रु ५०००।- सम्म जरिवाना, दोस्रो पटक भए रु १००००।-सम्म जरिवाना र तेस्रो पटक भए रु २५०००।- सम्म जरिवाना गर्न सकिनेछ ।

(२) तोकिएको स्थान भन्दा वाहेक वा निषेधित क्षेत्रमा वा सार्वजनिक स्थानमा खसी, कुखुरा, हाँस आदि वध गरी प्रदुषण वढाउनेलाई पहिलो पटक भए आवश्यक चेतावनी दिई रु २०००।-सम्म जरिवाना, दोस्रो पटक भए रु ५०००।-सम्म जरिवाना र तेस्रो पटक भए रु १००००।- सम्म जरिवाना गर्न सकिनेछ ।

प्रदुषणयुक्त स्थानबाट फोहोर हटाउदा लागेको खर्च सम्वन्धित पक्षबाट भराउनका साथै त्यस्तो कार्य गर्न निषेध गर्न सकिनेछ ।

## परिच्छेद १३
## विविध

७२. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस

(१) संघीय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफारिश लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने

(३) सिफारिसका लागि गाउँपालिकाको आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

७३. संघीय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिकाले आवश्यक समन्वय गर्ने छ ।

७४. आमा समूह, धामी झाक्रीको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई गाउँपालिकाले अनुगमन र नियमन गर्नेछ ।

७५. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण चौमासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

७६. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

७७. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको निर्णय वा आदेश उपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

७८. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँकार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

७९. संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँपालिकाले गर्न सक्नेछ ।

८०. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँकार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

८१. बचाउ र लागू नहुनेः

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्य विषयहरुका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) संविधान, संघीय कानून र प्रादेशिक कानूनसँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

सिद्धलेक गाउँपालिका